# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, साउन २३ गते २०५७ साल (संख्या १७

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा २१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाईका प्रहरी वरिष्ठ उपरीक्षक श्री रविराज थापालाई लागू औषध नियन्त्रण अधिकारी र सोही इकाईका प्रहरी नायव उपरीक्षक श्री हेमन्त मल्ल ठकुरी र प्रहरी नायव उपरीक्षक श्री देवेन्द्रकुमार सुब्बालाई नायव औषध नियन्त्रण अधिकारी तोकेको छ ।

खण्ड ४९, अतिरिक्ताङ्क ४१ (ज), मिति २०५६ साल माघ २१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
पदमप्रसाद पोखरेल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम १८ को उप नियम (२) ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाहरूमा देहाय बमोजिम निरीक्षण अधिकृतहरू तोकेको छ ।

(क) देहायका जिल्लाहरूको लागि घरेलु तथा साना उद्योग कार्यालयका कार्यालय प्रमुख ।

(१) सुनसरी (२) सिराहा (३) सप्तरी (४) महोत्तरी (५) सर्लाही (६) रौतहट (७) बारा (८) मकवानपुर (९) चितवन (१०) काभ्रेपलाञ्चोक (११) नवलपरासी (१२) कपिलवस्तु (१३) पाल्पा (१४) दाङ (१५) बर्दिया (१६) झापा (१७) कञ्चनपुर (१८) ललितपुर (१९) भक्तपुर ।

(ख) देहायका जिल्लाहरूको लागि सम्बन्धित जिल्लामा रहेका गुणस्तर तथा नाप-तौल क्षेत्रीय तथा जिल्ला कार्यालयका कार्यालय प्रमुख ।

(१) काठमाडौं (२) कैलाली (३) कास्की (४) धनुषा ।

(ग) देहायका जिल्लाहरूको लागि सम्बन्धित जिल्लामा रहेका वाणिज्य कार्यालयका कार्यालय प्रमुख ।

(१) मोरङ्ग (२) पर्सा (३) रूपन्देही (४) बाँके ।

(घ) खण्ड (क), (ख) र (ग) मा परेका जिल्लाहरू बाहेक अन्य बाँकी जिल्लाहरूको लागि सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारीको दरबन्दी नभएको वा निजको अनुपस्थितमा प्रशासकीय अधिकृत ।

खण्ड ४९ संख्या ४० मिति २०५६।१०।१० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,

मोहनदेव पन्त

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२४